# स्थानीय राजपत्र

## धार्चे गाउँपालिकाद्वारा प्रकाशित

भागः १ खण्डः २ संख्याः ३ मितिः २०७६


## विनियोजन ऐन

**धार्चे गाउँपालिका, माछिखोला गोरखाको आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषवाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।**

सभावाट स्वीकृत मिति : २०७६/०३/१०

**प्रस्तावना** : धार्चे गाउँपालिका, गोरखाको आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चितकोष बाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकाले, नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम धार्चे गाउँपालिका, गोरखाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नामधार्चे गाउँपालिका, गोरखाको विनियोजन ऐन, २०७६ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चितकोष बाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ माउल्लेखित चालु खर्च, पूजिगँत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ३४,१८,४७,७९७८४ (अक्षरुपी : चौतिस करोड अठार लाख सच्चालिस हजार सात सय सन्तानव्वे रुपैयां चौरासी पैसा) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोष बाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन** : (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक बर्ष २०७६/०७७ को निमित्त धार्चे गाउँपालिका, गोरखाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिनआएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुगहुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम शावा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तिय दव्यवस्थाको खर्च व्यहोर्न एक श्रोत बाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्नेगरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनुपर्नेछ ।

## अनुसूचि-१
## (दफा२ संग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका, वडा कार्यालय, विषयगत शाखा । | २०,२४,२१.२६० | १३९४२६.५३७८४ | | ३४१८४७.७९७८४ |
| | | | | | | |

आज्ञाले
बाबुराम पाण्डे
प्रमुख प्रशासकीय अधिकृत